# खप्तडछान्ना गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पसलबगर, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- २०७७/०७८

चलानी संख्या :- ५

मिति : २०७७/०४/०१

## सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावलि २०७६ को नियमा ९ मा सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्नु पर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाका ७ वटै बडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयहरुमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति २०७७ श्रावण मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचय पत्र नविकरण गराउन हुन सुचित गरिन्छ । वालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु संरक्षक माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

सामाजिक सुरक्षा परिचय पत्र नविकरण गर्न आउँदा ल्याउनु पर्ने काजजातहरु।

१। नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

२। वालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि ।

३। सम्बन्ध विछेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।

४। विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

५। न्यायिक पृथिकरण गरि बसेकी महिलाको हकमा न्यायिक पृथिकरण भएको प्रमाण ।

६। विवाह नगरेको महिलाको हकमा वडा को सिफारिस पत्र ।

७। अपाङ्गता भएको व्यक्तिको हकमा गाउपालिका बाट जारी भएको अपाङ्गगता परिचय पत्रको प्रतिलिपि । साविक महिला तथा बालबालिका कार्यालय वा गा वि स ले बनाएको अपाङ्गता परिचय पत्र मान्य हुने छैन ।

**पुनश्च**

१ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुसंग हालसम्म पनि पुराना सामाजिक सुरक्षा परिचय पत्र पाईएको हुँदा उक्त पुराना परिचय पत्र खिचि गाउँपालिकाले जारी गरेको नयाँ सामाजिक सुरक्षा परिचय पत्र प्रदान गर्न हुन ।

२। राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको निर्देशन अनुसार ६० वर्ष भन्दा कम उमेर भएका विधुवा र अति अशक्त अपाङ्गता भएको व्यक्तिहरुको हकमा नयाँ दर्ताको लागि विभाग बाट अर्को सुचना जारी नभए सम्मका लागि नयाँ दर्ता तथा नविकरण नगर्नुहुन ।

नि.प्रमुख प्रशासकीय अधिकारी

दिपक कुमार रिमाल

नि.प्रमुख प्रशासकीय अधिकृत

Website : www.khaptadchhannamun.gov.np Email : ito.khaptadchhannamun@gmail.com

Phone no. 9858485616 ,9868502138